सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कुमार रेग्मी
माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ
आदेश

०८१-WO-१५१७

मुद्दा:- उत्प्रेषण।

दिपक शाह.......................................................................निवेदक

विरुद्ध

नेपाल कानूनी व्यवसायी परिषद् कुपण्डोल, ललितपुरसमेत ...................विपक्षी

निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु श्री ओमप्रकाश सिंह, श्री राधाकृष्ण मल्लिक, श्री विवेक कुमार ठाकुर र, श्री कृष्ण मुरारी घुडासैनी तथा विपक्षी बार काउन्सीलको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री सुनिता रेग्मी र विद्वान् अधिवक्ता श्री कृष्ण प्रसाद सुवेदी, तथा खुला विश्वविद्यालयको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता डा. श्री नरेश कुमार महर्जनले गर्नु भएको बहस सुनियो।

यसमा रिट निवेदकको निवेदन व्यहोरा हेर्दा, नेपाल कानून व्यवसायी परिषद्बाट मिति २०८२।२।२५ मा प्रकाशित अधिवक्ताको ३३ औं परीक्षाको योग्यता खण्डको २ नं. मा नेपाल खुला विश्वविद्यालयबाट कानून विषयमा स्नातक उत्तिर्ण गरेका विद्यार्थीहरुका हकमा यस अदालतको संवैधानिक इजलासबाट मुद्दा नं.०८०-FN-०४८४ (०७९-WC-००१०) मा भएको अन्तरिम आदेश बमोजिम नेपाल कानून व्यवसायी परिषद् (कानून शिक्षा) नियमावली, २०७७ लागू हुनुपूर्व उपाधि प्राप्त व्यक्तिहरुले मात्र परीक्षा फर्म भर्न पाउने शर्त राखिएको र उक्त शर्त विभेदकारी रहेको भन्दै निवेदकलाई उक्त सूचना अनुसारको परीक्षामा फर्म भर्न तथा परीक्षामा सहभागी हुनबाट वंचित नगर्नु नगराउनु भन्ने अन्तरिम आदेश जारी गरी पाउन माग दावी लिएको देखिन्छ। प्रकाशित सूचनाको व्यहोराबाट नेपाल कानूनी व्यवसायी परिषद् (कानून शिक्षा) नियमावली, २०७७ लागू हुनु पूर्व नेपाल खुला विश्वविद्यालयबाट कानून विषयमा स्नातक उपाधि प्राप्त गरेका व्यक्तिहरु उम्मेदवार बन्न योग्य हुने तर त्यसपछि उत्तिर्ण व्यक्ति उम्मेदवार बन्न अयोग्य

हुने व्यवस्थाले भेदभावको अवस्था सिर्जना गरेको देखिएको ०७९-WC-0010 को रिट निवेदनमा यस अदालतको संवैधानिक इजलासबाट मिति २०८१।१०।२ मा उक्त रिट निवेदनमा माग बमोजिमको आदेश जारी भई पूर्णपाठ तयार हुनसम्म बाँकी रहेको तथा अहिले नै निवेदकलाई मिति २०८२।२।२५ को सूचना बमोजिमको परीक्षाका लागि फर्म भर्ने र सहभागी हुने अवसरबाट वञ्चित गरिएमा निजको वृत्ति विकासको अवसरमा अपूरणीय क्षति पुग्न जाने देखिँदा ०७९-WC-0010 को मुद्दामा भएको आदेशको पूर्णपाठ तयार हुँदा वा प्रस्तुत निवेदनको अन्तिम किनारा लाग्दा अन्यथा आदेश भएमा सोही बमोजिम हुने गरी हाललाई यी रिट निवेदकलाई मिति २०८२।२।२५ को सूचना बमोजिमको परीक्षाको फर्म भर्न र परीक्षामा सहभागी हुनबाट वञ्चित नगर्नु नगराउनु भनी विपक्षीहरुका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। यसको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार गर्नू।

न्यायाधीश

न्यायाधीश

इति सम्वत् २०८२ साल असार महिना १९ गते रोज ५ शुभम् ---------------------